# लेखापरीक्षण प्रतिवेदन

## बगनासकाली गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बगनासकाली गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**


*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/644

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,

बगनासकाली गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पाल्पा ।

### कैफियतसहितको राय

हामीले बगनासकाली गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेश गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले असर पार्ने बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिबेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समाबेश भएको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभुत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.गाँउपालिकाले आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकिकृत वित्तीय विवरण (म.ले.प.फा.नं-२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.१२ करोड ५१ लाख २४ हजार, स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम तर्फ रू.८० लाख र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रू.३५ लाख ६० हजार समेत रू.१३ करोड ६६ लाख ८४ हजार समावेश गरेको छैन।

२. यस गाँउपालिकाको रु.१ अर्व १७ करोड ७९ लाख ४५ हजार लेखापरीक्षण गरिएकोमा रू.१ करोड ३९ लाख १ हजार बेरुजू देखिएको छ। यस सम्बन्धमा रु.४१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु १ करोड ३८ लाख ६० हजार मध्ये असुल गर्नुपर्ने रू.७ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ लाख २४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २२ लाख ७४ हजार र पेस्की बाँकी रु.१ लाख ६० हजार रहेको छ।

गत वर्षसम्म रु.७ करोड ८० लाख ६४ हजार बेरुजु बाँकी रहेकोमा रू.९५ लाख ८१ हजार सम्परीक्षण भइ हालसम्मको अद्यावधिक बेरुजु रु.८ करोड २३ लाख ४३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बगनासकाली गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बगनासकाली गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | २४ | १,३९,०१,३८३ | ० | ८ | ४१,३३२ | ० | ५६ | १६ | १,३८,६०,०५१ | ७,०२,२०९ | १,२२,७३,८२४ | ७,२४,०१८ | ० | ० | १,२९,९७,८४२ | १,६०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाल्पा | ७,८०,६४,००० | ० | ९५,८१,१७० | ६,८४,८२,८३० | ० | १,३८,६०,०५१ | ८,२३,४२,८८१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३८ | छात्रवृत्ति वितरण | १०,२०० |
| २ | २०७८/७९ | ५८.१ | पालिकाको प्रशासकिय भवन | ३०,००,००० |
| ३ | २०८०/८१ | ५.१ | आन्तरिक लेखापरीक्षण | ३१,१३२ |
| ४ | २०७९/८० | ६.१ | प्रकोप ब्यवस्थापन कोष | ३,२६,२७० |
| ५ | २०७८/७९ | २८ | सामाजिक सुरक्षा तर्फ | ६२,५४,९०० |

| | |
|---|---|
| जम्मा | ९६,२२,५०२ |

# (८०५५०५०४३०० - बगनासकाली गाउँपालिका, पाल्पा )

# बगनासकाली गाउँपालिका , पाल्पा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** -स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा९ वडा, ८४.१६ वर्ग किलोमिटर क्षेत्रफल तथा १८,४९७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।०२ देखि २०८१ ।०८। ०६सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** गाँउपालिकाको आय व्ययको रु. १ अर्ब १७ करोड ७९ लाख ४५ हजारको लेखापरीक्षण गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको रु. ५,१५,७२० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ लेखापरीक्षण

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०८१।९।१ मा छलफल सम्पन्न भएको छ। छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन्।

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| /आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ७,४६,८४,२१०.३५ | ७,४६,८४,२१०.३५ | ६,९३,९२,७९९.०७ | ६,९३,९२,७९९.०७ |
| १३००० | अनुदान | ३४,४१,१५,१२७.२० | ३४,४१,१५,१२७.२० | ३८,०९,६१,७३७.४० | ३८,०९,६१,७३७.४० |
| १४००० | अन्य राजस्व | १,९८,५७,३७८.९७ | १,९८,५७,३७८.९७ | १,६८,१२,५६९.६८ | १,६८,१२,५६९.६८ |
| १५००० | विविध प्राप्ति | ६४,१००.०० | ६४,१००.०० | १,१०,६६५.०० | १,१०,६६५.०० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | २,०३४.०० | २,०३४.०० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | ४३,८७,२२,८५०.५२ | ४३,८७,२२,८५०.५२ | ४६,७२,७७,७७१.१५ | ४६,७२,७७,७७१.१५ |
| ३ | चालु | ३३,५९,२९,६१३.५७ | ३३,५९,२९,६१३.५७ | ३३,२२,३६,४२७.४४ | ३३,२२,३६,४२७.४४ |
| २१००० | पारिश्रमिक / सुविधा | ६,७४,८४,६५०.५७ | ६,७४,८४,६५०.५७ | २१,७४,६८,७४५.४० | २१,७४,६८,७४५.४० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | २५,०३,५८,६२२.०० | २५,०३,५८,६२२.०० | ९,२६,०४,४७३.०४ | ९,२६,०४,४७३.०४ |
| २५००० | सहायता (Subsidy) | ६१,३८,५००.०० | ६१,३८,५००.०० | १,२१,७२,६७४.०० | १,२१,७२,६७४.०० |
| २६००० | अनुदान | ६,१०,४२०.०० | ६,१०,४२०.०० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ७०,८२,४६३.०० | ७०,८२,४६३.०० | ८७,८३,१९५.०० | ८७,८३,१९५.०० |
| २८००० | अन्य खर्च | ४२,५४,९५८.०० | ४२,५४,९५८.०० | १२,०७,३४०.०० | १२,०७,३४०.०० |
| ४ | पूंजीगत | १२,१३,५८,३७४.०० | १२,१३,५८,३७४.०० | १५,५३,८६,७७५.०० | १५,५३,८६,७७५.०० |
| ३१११० | भवन तथा संरचना | १,८५,६७,८६८.०० | १,८५,६७,८६८.०० | ३,६५,२५,८८४.०० | ३,६५,२५,८८४.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४९,५२,५८२.०० | ४९,५२,५८२.०० | १,०३,८३,५४८.०० | १,०३,८३,५४८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | ० | २०,९२,४०२.०० | २०,९२,४०२.०० |
| ३११५० | सार्वजनिक निर्माण | ९,७१,५०,३२०.०० | ९,७१,५०,३२०.०० | १०,३७,६५,५४६.०० | १०,३७,६५,५४६.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ६,८७,६०४.०० | ६,८७,६०४.०० | २६,१९,३९५.०० | २६,१९,३९५.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४५,७२,८७,९८७.५७ | ४५,७२,८७,९८७.५७ | ४८,७६,२३,२०२.४४ | ४८,७६,२३,२०२.४४ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (१,८५,६५,१३७.०५) | (१,८५,६५,१३७.०५) | (२,०३,४५,४३१.२९) | (२,०३,४५,४३१.२९) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ५७,०१,००६.६४ | ५७,०१,००६.६४ | ४३,७५,४५५.५१ | ४३,७५,४५५.५१ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (१,२८,६४,१३०.४१) | (१,२८,६४,१३०.४१) | (१,५९,६९,९७५.७८) | (१,५९,६९,९७५.७८) |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ५,६१,६७,५१९.८१ | ५,६१,६७,५१९.८१ | ७,२१,३७,४९५.५९ | ७,२१,३७,४९५.५९ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ४,३३,०३,३८९.४० | ४,३३,०३,३८९.४० | ५,६१,६७,५१९.८१ | ५,६१,६७,५१९.८१ |

४ **वित्तीय विवरण परीक्षण**

४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

४.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (स्थानीय तहको एकिकृत वित्तीय विवरण) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा निम्न शिर्षकको रु १३ करोड ६६ लाख ८४ हजार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा लेखाङ्कन गरेको छैन । जसले गर्दा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

रकम रु.हजारमा

| सि.नं. | शिर्षक | बजेट | खर्च रकम |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १२६०९६२०० | १२५१२४७९४.५३ |
| २ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ८०००००० | ८०००००० |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३५६०००० | ३५६०००० |
| **जम्मा** | | १३,७६,५६,२०० | १३,६६,८४,७९४.५३ |

५ **आन्तरिक लेखापरीक्षण**

५.१ ..

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३१,१३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्तमा एक पटक मात्र गरेको छ । तसर्थ कानूनमा तोकिए

बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । साथै आन्तरिक लेखापरीक्षण गर्दा औल्याएका देहायका व्यहोराको प्रमाण पेश गरी नियमित गर्नुपर्ने देखिएको रु.

| **अनियमित भएको** | | | |
|---|---|---|---|
| आ.ले.प. प्रतिवेदन दफा नं. | गो.भौ.नं. र मिति | विषय | रकम रु. |
| ५९ | ५५-०८१।०२।०७ | उद्देश्य विपरित खर्च लेखेको | ९७००० |
| ६५ | २३-०८१।०३।२० | नापी किताब संलग्न गर्नुपर्ने | ४९९६२ |
| ६६ | २४-०८१।०३।२० | कार्यविधि विपरित खर्च गरेको | ९९३२६६ |
| **जम्मा** | | | ११४०२२८ |

| | |
|---|---|
| अनियमित भएको | ११,४०,२२८ |

६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.३५ लाख २४ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

७ **योजना तथा वजेट कार्यान्वियन**

योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको समेत छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत गाँउसभाको निर्णयबाट रु.१ करोड ५० लाख मिति २०८० पौष २३ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ५.९२ प्रतिशत हुन्छ। कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका पुँजीगत तर्फ कुल २७९ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५७ | १२ | १४ | ३१ |
| २. | वडा स्तरीय | २२२ | १ | १८ | २०३ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २७० योजनामात्र कार्यान्वियन भई ९ योजना कार्यान्वियन हुन सकेको देखिएन । आयोजना पहिचान र वजेट प्राथमिकिकरणको अभावको कारण योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखी र रोजगारी सिर्जना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

९ **प्रगति**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला्इ जिम्मेवार बनाउनु पर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ । ४६ शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा स्पष्ट कारण नदेखाएकोले कार्यान्वियन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

| कार्यक्रम /योजना सङ्ख्या | यो वर्ष खर्च (हजार) | वार्षिक प्रगती | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५ प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत भन्दा माथी |
| ६८३ | ४५७२८७ | ४६ | २३ | २५ | ४० | ५४९ |

वजेट कटौती र वढी योजना संख्याको कारण ४६ योजना कार्यान्वियन हुन सकेको देखिएन । तथा २३ योजनाको प्रगती २५ प्रतिशत भन्दा कम रहेको छ । तसर्थ पालिकाले योजना तथा कार्यक्रम तर्जुमा तथा छनौट गर्दा कार्यान्वियन योग्य योजना छनौट गर्नुपर्दछ ।

## १० **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं | क्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २०२७० | १७३२२ | ३.८७ |
| २ | सामाजिक विकास | २७२७१५ | २५२६२१ | ५५.२४ |
| ३ | पूर्वाधार विकास | ११२१३५ | ९१४१९ | १९.९९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४४९८ | ९२२६ | २.०१ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ९१९२९ | ७८६९७ | १७.२० |
| जम्मा | | ५११५४७ | ४५७२८७ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.२४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.०१ प्रतिशत रहेको छ ।

## ११ **त्रैमासिक खर्च**

कार्यालयको लागि स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा १७.१० र १८.३० प्रतिशत, तेस्रो त्रैमासिकमा १७.२४ तथा चौथो त्रैमासिकमा ४७.४९ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र २३.८१ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

रकम रू.हजारमा

| क्र.सं | बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| १ | बजेट | ४५७२८७ | ७८२२७ | ८३६८६ | ७८८४६ | २१७१८६ | १०८९११ |
| २ | पूँजीगत खर्चतर्फ | १२१३५८ | ९६३ | १४२३९ | ४६१३२ | ६००२२ | २५१४५ |
| ३ | प्रतिशत | १०० | ०.७९ | ११.७३ | ३८.०१ | ४९.४५ | २०.७१ |
| कुल खर्चको तुलनामा प्रतिशत | | १०० | १७.१० | १८.३० | १७.२४ | ४७.४९ | २३.८१ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ४७.४९ प्रतिशत तथा आषाढ महिनामा २३.८१ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## १२ खर्च बिश्लेषण

पालिकाले यसवर्ष चालु तर्फ रु.३३,५९,२९,६१३.५७ र पुँजीगत तर्फ रु १२,१३,५८,३७४ रु ४५,७२,५७,९८७ खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८.५७ प्रतिशत चालु र २६.५३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १४ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट सबै सहकारीको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

## १५ नाफामुलक सहकारी संस्थालाई अनुदान

गाउँपालिका अनुदान वितरण सम्बन्धी कार्यविधिमा सिमितको पहुँच हुने गरी कार्यक्रम स्वीकृत गर्न नपाईने व्यवस्था छ । पालिकाले वार्षिक कार्यक्रमा सहकारी संस्थाको लागि कम्प्युटर खरिदका लागि गो.भौ.नं. ५०१-२०८१।०१।१८ बाट रु.३,८८,५०० रकम तोकी रकम खर्च लेखेको छ । पालिकाले गत विगत देखि सहकारीको प्रविधि प्रवर्द्धनका लागि लगानी गरेतापनि हालसम्म कुनै पनि सहकारीले (COPOMIS) मा विवरण दाखिला नगरेकोले नाफामुलक सहकारी संस्थालाई दिएको अनुदानको नतिजा समेत प्रभावकारी देखिएन् । अनुदान वितरण सम्बन्धी कार्यविधि प्रतिकुल हुने गरी छनौटको आधार वेगर संस्था तोकी अनुदान दिने कार्यमा सुधार गरेको प्रमाण सहित नियमित हुनुपर्दछ ।

| क्र.सं. | गो.भौ.न र मिति | वापत | रकम |
|---|---|---|---|
| १ | ५०१-२०८१।०१।१८ | कम्प्युटर र प्रिन्टरखरिद | ३,८८,५०० |

## १६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ५ वटा नियमावली, ७४ कार्यविधि लगायत ९८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कानुनको कार्यान्वियनको अवस्था अनुगमन गरी अद्यावधिक गर्नुपर्दछ ।

## १७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको १२ गरी कुल १३ विवाद दर्ता भएकोमा ११ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आवधिक योजना बनाएता पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१९ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

२० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२१ **संगठन तथा कर्मचारी व्यवस्था**

२१.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १५० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १०३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर सहित ४७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२१.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता

रु.१८,९८,६६३ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत प्रमुख पदहरुमा समेत करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिँदैन । पालिकाले पदपूर्तिका लागि लोकसेवामा माग गरी पदपूर्ति गर्नुपर्दछ ।

| पद | नियुक्ति संख्या | वार्षिक तलव भत्ता रु. |
|---|---|---|
| ईन्जिनियर | १ | ५६७९५७ |
| सब ईन्जिनियर | १ | ४५१४९० |
| खा.पा.सा.टे | १ | ४२७७२६ |
| कम्प्युटर अपरेटर | १ | ४५१४९० |
| **जम्मा** | **४** | **१८,९८,६६३** |

२१.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी करार नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। करारमा स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| पदको नाम | दरबन्दी भन्दा बढी पदपूर्ति | तलब भुक्तानी |
|---|---|---|
| अमिन | १ | ४२७७२६ |
| सहायक कम्प्युटर अपरेटर | ९ | ३२७४०५० |
| | | ३७,०१,७७६ |

| | |
|---|---|
| अनियमित भएको | ३७,०१,७७६ |

## २२ तलबी प्रतिबेदन

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई ७८ कर्मचारीको रु.४ करोड ८९ लाख २१ हजार तलव खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## २३ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गो.भौ.नं ५६९।०८१।२।०७ वाट रु. ५,००,००० ट्रान्सफर गरेको छ । यसरी ऐनको व्यवस्था विपरित कर्मचारीको योगदानको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन । तसर्थ पालिकाले कार्यविधि बनाई कर्मचारी कल्याण कोषको व्यवस्थापन गर्नुपर्छ ।

## २४ सामाजिक सुरक्षा

२४.१ सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र नविकरण गरिसक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट प्राप्त Gender wise SSNP Grant Report (अनुसुची ४) बमोजिम आर्थिक वर्ष २०८०।८१ मा अन्य जेष्ठ नागरिक भत्ता लिएका १९२१ लाभग्राही मध्ये चालू वर्षको लागि लेखापरीक्षण अवधिसम्म नविकरण गर्न

आएका उक्त लाभग्राही संख्या १९०१ मात्र रहेको पाईयो । पालिकाबाट नविकरण गर्न नआएका लाभग्राहीको पहिचान गरी लाभग्राही एकिन गर्ने कार्य भएको पाईएन्। आर्थिक वर्ष २०८१।८२ को लागि नविकरण गर्न नआएका २० लाभग्राहीलाई २०८०।८१ मा भुक्तानी भएको प्रति व्यक्ति रु.४८,००० का दरले रु.९,६०,००० सामाजिक सुरक्षा भत्ता तथा लाभग्राही सम्बन्धमा एकीन हुनुपर्दछ । साथै अन्य लाभग्राही समुहमा समेत नविकरण गर्न नआएका लाभग्राही एकिन गरी वास्तविक लाभग्राही भए नभएको सम्बन्धमा पालिकाबाट छानबिन हुनुपर्दछ ।

२४.२ सामाजिक सुरक्षा कार्यविधि, २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोही कार्यविधिको अनुसूची १० अनुसार बैंक संग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका आन्तरीक लेखापरीक्षणबाट औंल्याएका व्यहोरामा सुधार हुनुपर्दछ ।

## २५ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानवाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४८०९४५०९.९३ | ९१,९३,४७७.०७ | २ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २६ आन्तरिक आय तथा राजश्व

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७०,३०,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.९१,९३,४७७.०७ अर्थात अनुमान भन्दा ३०.७७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सि नं | राजश्वकोनाम | २०७९।८०को असूली | २०८०।८१को अनुमान | २०८०।८१को असूली | वढि/घटि |
|---|---|---|---|---|---|
| ११३१३ | सम्पति कर | ५३४५७९.९२ | ७००००० | ४२९९९१.३५ | ६१.४३ |
| ११३१४ | भुमिकर/मालपोत | २९००३६.०८ | ६००००० | ११५४९८५.६ | १९२.५० |
| ११३१७ | वहाल कर | ४५६३३२ | १५०००० | ३७६००६.१७ | २५०.६७ |
| ११३१८ | वहालविटौरी कर | ४३००० | १५००० | ४५०३८१.६१ | ३००.२५ |
| १४२१३ | अन्य कर | 0 | ५०००० | ८२७३४ | १६५.४७ |
| १४२१३ | अन्यबिक्रीबाट प्राप्त रकम | 0 | १००००० | ६२४२५ | ६२.४३ |
| १४२१३ | न्यायायिक दस्तुर | ० | ५०००० | ३००० | ६ |
| १४२२४ | परीक्षाशुल्क | ४६९०० | ७०००० | १४८०० | २१.१४ |
| १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ८५७१७३.८१ | ५५०००० | ६२१९८६ | ११३.०९ |
| १४२४१ | पार्किङ्गशुल्क | ७९६७५ | ८०००० | ३१३२५ | ३९.१६ |
| १४२४२ | नक्सापासदस्तुर | ६५५०९.१९ | ८०००० | १२७२९४०.४ | १५९१.१८ |
| १४२४३ | सिफारिशदस्तुर | ९९९३७६ | ५५०००० | १४६०७०० | २६५.५८ |
| १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ३०८००० | १५०००० | ८१५२०० | ५४३.४७ |
| १४२४५ | नाताप्रमाणित दस्तुर | ४२०० | १५०००० | २३०००० | १५३.३३ |
| १४२४९ | अन्यदस्तुर | ६४७६१० | १५०००० | ७६८०४० | ५१२.०३ |
| १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | २४८०० | २००००० | ९२१४८ | ४६.०७ |
| १४३१२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ८८२८० | २००००० | २०००० | १० |
| १४३१३ | धरौटीसदरस्याहा | २११५२२ | १५०००० | ३८००० | २५.३३ |
| १४५२९ | अन्यराजस्व | १९३८५८२ | २०००००० | ११४०५१४ | ५७.०३ |
| १४६११ | व्यवसाय कर | ८०८८४ | ४००००० | ६४२०० | १६.०५ |
| १५१११ | बेरूजू | ११०६६५ | ५००००० | ६४१०० | १२.८२ |
| | | ६७८७१२५ | ७०३०००० | ९१९३४७७.०७ | १३०.७७ |

२७ **आयठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) बमोजिम स्वीकृत घाटबाट ढुङ्गा गिटी वालुवा नदीजन्य पदार्थ उत्खनन वा संकलन गर्न ठेक्का वन्दोवस्त गर्ने व्यवस्था छ । सो अनुसार देहायबमोजिम ठेक्का सुचना गरेको स्थिति छ ।

| ठेक्का | घाटको नाम वगर | एकाई | IEE परिमाण | ठेक्का परिमाण | न्यूनतम कवोल | कबोल | ठेकेदार |
|---|---|---|---|---|---|---|---|
| १।०८०।८१ | मनद्रान घाट कालिगण्डकी | क्यु. फिट | २०६५६.३५ | २०६५९.२८ | १२३९५५ | ३१३६०० | थमिल वर्क |
| २।०८०।८१ | परकादी घाट | क्यु फिट | १९८६४६.९ | १९८६४६.९ | ११९१८८१ | | ठेक्का लागेन |
| ३।०८०।८१ | टिकुवा घाट | क्यु फिट | १०८७७०.२० | १०८७७०.२० | ६५२६२१ | १०१३००० | थिमिल वर्क |
| ४।०८०।८१ | कोलवगर घाट | क्यु फिट | ३३५४९२.५ | ३३५४९२.५ | २०१२९५५ | | ठेक्का लागेन |
| ५।०८०।८१ | मझुवा घाट | क्यु फिट | २२२४८४.५ | २२२४८४.५० | १३३४९०७ | ५५९०११ | नेत्र व अमानत |
| ६।०८०।८१ | मिलामिले घाट | क्यु फिट | १९०७०१ | १९०७०१ | ११४४२०६ | ५५९०११ | नेत्र व राना अमानत |
| ७।०८०।८१ | तिनाउ तानसेन लालपट्टी वेलतारी | क्यु फिट | १०३११८८ | १०३११८८ | ६१८७१२९ | ६४२०५६ | गुन व कुमाल अमानत |
| | जम्मा | | २१०७९३९.४५ | २१०७९३९.४५ | १२६४७६३६.७० | ३०८६६७८ | |

यस आ.ब मा कालीगण्डकी नदीको ६ स्थानमा र तिनाउ नदीको १ स्थानमा ठेक्का लगाएको छ । पालिकाको प्राकृतिक स्रोत ढुङ्गा गिटी र वालुवाको २१०७९३९ घनफिटको प्रतिघनफिट रू.६ को दरले रू.१२६४७६३६।७० प्राकृतिक श्रोतको उपयोग शुल्क उठाउनुपर्नेमा कालीगण्डकी र तिनाउ नदीबाट ५१४४४४७ घनफुटको रू.३०८६६७८ कर संकलन गरी दाखिला गरेको पाइयो । कुल वार्षिक १५९३४९२ घनफुटको न्युनतम हुनपर्ने रू.९५६०९५२ असुली पहल गरेको देखिएन ।

## २८ सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको १०प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका ३३ सामुदायिक वनको अभिलेख राखी वन पैदावर बिक्री वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

## २९ फिल्ड भत्ता

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८३ वमोजिम गाँउपालिकाले कार्यवोझ राजश्व क्षमता, खर्चको आकार, स्थानियको आवश्यकता र विशिष्टता लाई समायोजन पश्चात संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा विषयगत शाखा र संगठन संरचना (वडागत) तयार गरी स्थायी / करार र कार्यक्रमवाट पदपूर्ति गर्ने खुलाई सभावाट दरवन्दी स्विकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले दरवन्दी स्पष्ट नगरी पालिकामा वडागत प्राविधिक दरवन्दी भएको अवस्थामा कामको अभिलेख नराखी गो.भौ. नं ८८६।०८१।३।२३ वाट रू.३६८००० फिल्ड भत्ता दिएको नियम संगत देखिदैन । पालिकाले कामको स्पष्ट अभिलेख राखी थप सेवा सुविधा दिनुपर्दछ ।

## ३० चालु खर्चको अवस्था

तपशिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले कार्यक्रममा वृद्धि, बजार मूल्यमा वृद्धि तथा पुरानो गाडी संचालनका कारणले खर्चमा वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

रकम रू.हजारमा

| क्र.सं | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च |
|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १८३३७ | १८७६० |
| २ | पदाधिकारी सेवा सुविधा | ९९१९ | ९९१९ |
| ३ | पदाधिकारी बैठक भत्ता | १९९४ | २२५१ |
| ४ | कर्मचारी बैठक भत्ता | ७८४ | ८५७ |
| ५ | विविध खर्च | ३४३२ | ३५२५ |
| ६ | ईन्धन | १९०० | २००० |
| ७ | मसलन्द | २७०० | २९५१ |
| ८ | अनुगमन मूल्यांकन खर्च | १५०० | १७०० |
| ९ | सवारी साधन मर्मत संभार खर्च | ८४२ | २२६५ |
| | जम्मा | ४१४०८ | ४४२२८ |

### ३१ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैँन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा शिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रू.११४९०७६ मूल्य बराबरको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । यसरी पालिकाबाट मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं/मिति | विवरण | सप्लायर्स | भुक्तानी रकम |
|---|---|---|---|
| १४।२०८०।०६।१२ | योजना पुस्तिका र राजपत्र छपाई | कैलाशनगर मिडिया प्रा.लि | १५०८५५ |
| १२०।२०८०।०६।२९ | मसलन्द तथा कार्यालय सामाग्री | गैरै कम्प्युटर | २१९०१३ |
| १३७।२०८०।०७।०१ | मसलन्द तथा कार्यालय सामाग्री | मलिना डिजिटल प्रिन्टर्स | १६८९६३ |
| १३८।२०८०।०७।०१ | मसलन्द तथा कार्यालय सामाग्री | गणेश प्रिन्टर्स | १२४३४५ |
| २२२।२०८०।०८।२२ | डायरी छपाई | एम.एस.प्रिन्टिङ सोलुसन | ४८५९०० |
| **जम्मा** | | | ११४९०७६ |

### ३२ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

### ३३ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत

विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.२०,७८,६०९।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

### ३४ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तथा कार्यापालिकाको निर्णय बमोजिम विभिन्न १३ संघसंस्था र ३५ व्यक्तिहरुलाई विपद् व्यवस्थापनको लागि रु.७,०३,४५०।- आर्थिक सहायता वितरण गरेको छ। सहायता वितरण गर्ने कार्य अन्य तहका सरकारसँग समेतको समन्वयमा दोहोरो नपर्ने गरी व्यवस्थित बनाउनुपर्दछ।

### ३५ ६० वर्ष अवधिपछिको तलव

शिक्षा नियमावली, २०५९ वमोजिम विद्यालय शिक्षक तथा कर्मचारीको सेवा ६० वर्षसम्म हुने व्यवस्था छ । पालिकाले ६० वर्ष अवधी पछीको विष्णु मा.बि पोखराचोकको लेखासहायकलाई २०८०।५।२५ देखि २०८०।१२ मसान्नसम्म निवृत्ति हुने अवधिको प्रतिमहिना रु १६५०० को दरले ७ महिना र दशैं खर्च समेत रु १३४७५० नपाउने तलव भुक्तानी गरेको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३४,७५० |

### ३६ विद्यालयलाई प्रति विद्यार्थी अनुदान

शिक्षा तथा मानवश्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुष्तिका २०८०।०८१ मा EMIS मा प्रविष्ट भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या एकिन गरेर मात्र विद्यालयलाई प्रति विद्यार्थी अनुदान निकाशा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्ट भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु. १,२४,४१,५०० निकासा गरेको छ । विद्यालयले EMIS को तथ्याङ्कको आधारमा विद्यार्थी संख्या एकिन नगरी निकासा दिएकोमा शिक्षा समिति गठन गरी अनुगमन गरेको पाईएन । पालिकाले सत्यापन पश्चात निकाशा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र. स | विद्यालय तह | विद्यार्थी संख्या | जम्मा अनुदान( छात्रवृत्ती, पाठ्यपुस्तक, दिवा खाजा, सेनिटरी प्याड, शिक्षण सिकाई अनुदान) |
|---|---|---|---|
| १ | वाल शिक्षा | ५७३ | ११,०३,००० |
| २ | प्रा.वि शिक्षा | ९०१ | ३८,६१,००० |
| ३ | आ.वि शिक्षा | ५३७ | ३२,३५,००० |
| ४ | मा.वि शिक्षा | ७०६ | ४२,४२,५०० |
| | जम्मा | २७१७ | १,२४,४१,५०० |

### ३७ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । पालिकाले नियमवलीले तोकेको शिक्षक विद्यार्थी अनुपात मिल्ने गरी विद्यालय व्यवस्थापन गर्नुपर्दछ ।

| क्रस | विद्यालयको तह | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | वालविकास | ५७३ | ३२ | १:१८ |
| २ | प्राथामिक तह | ९०१ | ११६ | १:८ |
| ३ | आधारभुत | ५३७ | ५३ | १:१० |
| ५ | मा वि | ७०६ | ३९ | १:१८ |

३८ **छात्रवृत्ति वितरण**

..

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **स्यानिटरी प्याड खरिद**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.८.१० मा सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड खरिद गरी वितरण गर्ने जिम्मेवारी गाँउपालिका रहेको छ । पालिका भित्र रहेको विद्यालयको छात्राहरुलाई आवश्यक पर्ने स्यानिटरी प्याड पालिकाले खरिद गर्नुपर्नेमा २१ विद्यालयको खातामा गो.भौ.नं.२५०-०८१।०२।३२ मा रु.५,९६,४९० निकासा गरिएको पाइयो । स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसुची १ र २ मा स्यानिटरी प्याडको गुणस्तर तोकिएको छ । जसमा साइज २४० (+२०,-२०) mm लम्वाइ, ६० देखि ७५ mm चौडाइ र १३ देखि १७mm मोटो, PH Value, रङ्ग, प्रयोग भएको कपडा लगायत गुणस्तर तोकेको छ । पालिकाले २२० mm देखि २६०mm सम्मको सम्मको खरिद गर्नुपर्नेमा विद्यालयले खरिद गरी पेश गरेको बिल भौचर परीक्षण गर्दा खरिद गरेको स्यानिटरी प्याड सरकारले तोकेको स्फेसिफिकेसन बमोजिम भएको नपाइएकोले अनियमित रू.

| | |
|---|---|
| अनियमित भएको | ५,९६,४९० |

४० **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ बमोजिम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई पुस्तकालय तथा ICT ल्याव व्यवस्थापनका लागी रु.६५००००।- का दरले रु.१३,००,०० निकासा भएको देखिन्छ। पालिकाले पुस्तकालय र ल्याबको संचालन तथा उपयोगको स्थिति देखिने गरी अनुगमन र अभिलेखांकन गरेको पाईएन् । तसर्थ पालिकाबाट अनुमगन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित हुनुपर्दछ । साथै उक्त ल्याब तथा पुस्तकालय संचालनबाट प्राप्त नतिजाको अनुगमन र प्रतिवेदन हुनुपर्दछ ।

| विद्यालयको नाम | बापत | रकम रु. |
|---|---|---|
| खानीगाँउ माध्यामिक विद्यालय | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| राम आधारभुत विद्यालय | विज्ञान प्रयोगशाला स्थापना | ६५०००० |

४१ **औषधी खरिद**

४१.१ पालिकाले निःशुल्क औषधी वितरणको लागि निम्न बमोजिम खरिद विधिबाट देहायको सप्लायर्ससँग सम्झौता गरी रकम भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् ।

| गो.भौ.नं/मिति | सप्लायर्सको नाम | खरिद किसिम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १८८।२०८०।१२।२३ | रानीमहल मेडिको सप्लायर्स प्रा.लि | बोलपत्र (३८ आइटम औषधी) | १८०००३७ | ६६१३३४ |

४१.२ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपुर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिमको भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०८०।०९।१३ मा औषधी खरिदको लागि ठेक्का आह्वान गर्दा औषधी तथा सामानहरुको प्रयोग गर्ने मिति पालिकामा दाखिला हुँदा कम्तीमा १८ महिनाको भएको हुनुपर्ने व्यवस्था गरिएकोमा दाखिला भएको विवरण हेर्दा Aluminium Hydroxide, Cipprofloxacin, Metformin, Paracetamol, Promethazine, Vitamin B complex, Clove oil, OPS powder, Calcium लगायतका ३० प्रकारका औषधीको उपभोग्य मिति दाखिला हुँदाको मितिले १८ महिनाभन्दा कम भएको औषधि खरिद गरेको छ । पालिकाले खरिद गर्दा मापदण्ड वमोजिम खरिद गर्नुपर्दछ ।

४२ **दरबन्दी बाहिरका स्वास्थ्यकर्मी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले दिएको विवरण अनुसार निम्न स्वास्थ्य संस्थामा दरबन्दी बाहेक करारमा कर्मचारी नियुक्ती गरी रु. ३०,६४,७५० भुक्तानी दिएको दरबन्दी भन्दा बढी भएको भुक्तानी नियम संगत नदेखिएको रु.

| क्र.सं. | स्वास्थ्यसंस्था | पद | वार्षिक तलव भत्ता रु |
|---|---|---|---|
| १ | ठुला पोखरा स्वास्थ्य इकाई | हे.अ. | ३७३७५० |
| २ | नायर नमतलेस स्वास्थ्य चौकी | अ.न.मी | २९९००० |
| ३ | दरपुक सामुदायिक स्वास्थ्य इकाई | अ.न.मी | २९९००० |
| ४ | नायर नमतलेस स्वास्थ्य चौकी | ल्याब असिस्टेन्ट | २९९००० |
| ५ | दरपुक सामुदायिक स्वास्थ्य इकाई | अ.हे.व | २९९००० |
| ६ | पोखराथोक स्वास्थ्य चौकी | अ.न.मी | २९९००० |
| ७ | चापपानी स्वास्थ्य चौकी | अ.न.मी | २९९००० |
| ८ | पोखराथोक स्वास्थ्य चौकी | अ.हे व | २९९००० |
| ९ | चापपानी स्वास्थ्य चौकी | ल्याब असिस्टेन्ट | २९९००० |
| १० | याम्गा स्वास्थ्य चौकी | अ.न.मी | २९९००० |
| **जम्मा** | | | ३०,६४,७५० |

| | |
|---|---|
| अनियमित भएको | ३०,६४,७५० |

४३ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.ब २०७८।७९ मा ७०० थान न्यानो झोला खरिद गरेकोमा पालिकाको भण्डारमा २०८१ आषाढ मसान्त सम्म ९१ थान मौज्दात रहेको छ । लामो अवधिसम्म मौज्दात रहने गरी खरिद गर्ने कार्य नियमसम्मत देखिएन् । यस वर्ष यो कार्यक्रम कार्यान्वयनमा आएको छैन । बर्थिङ सेन्टरमा प्रसुतीको संख्या एकिन नगरी भएका त्यस्ता झोलाहरु खरिद र तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गरिनुपर्ने साथै लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४४ **सीप विकास तालिम (मेडपा कार्यक्रम )**

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाका सीप विकास तालिम (दालमोट उत्पादन, व्यवसायिक बंगुर पालन, कुखुरा पालन,होजियारी, तरकारी तथा मसलाबाली उत्पादन र अचार बनाउने लगायतका) मा रु.२,४७,०९५ खर्च गरेको छ । उक्त तालिम लिएका तथा मेसिन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको छैन ।गाउँपालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थिहरुले व्यवसाय तथा उद्यम सूरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धी मापन गर्नुपर्दछ ।

४५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत

पालिकाका ९ वडामा १८ योजना सञ्चालन गरी यस वर्ष ७४ जनालाई औसत ९८ दिन रोजगारी उपलव्ध गराई रु.४७,९७,३०८ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४६ **निजी वन वृक्षारोपण कार्यक्रम**

निजी वन वृक्षारोपणका लागि अनुदान (महिला, दलित तथा विपन्नलाई प्राथमिकता) कार्यक्रमका लागि रु.८,५०,००० बजेट व्यवस्था भएकोमा रु.५,६०,०२० खर्च भएको छ । महिला, दलित तथा विपन्नलाई प्राथमिकतामा राखेर प्राप्त भएको बजेट मध्ये गो.भौ.नं. ३४३-२०८१।०३।२१ बाट विभिन्न ५८ जना व्यक्तिहरुलाई अनुदान दिएकोमा ८ जना महिला र १ जनामात्र दलितले अनुदान पाएको देखिएकोले बजेटको उद्धेश्य बमोजिम लक्षित समुहमा बजेट कार्यान्वयन गर्नुपर्दछ ।

४७ **नापी किताबभन्दा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक प्राविधिक नापिको आधारमा भुक्तानी दिनुपर्ने व्यववस्था छ। पालिकाले प्रशासकीय भवन आइटम नं. १२(फि ५००) टिएमटी १३५.६९ मेट्रिक टन नापी किताबमा अभिलेख गरेकोमा १३८.७२ मेट्रिक टन भुक्तानी गरेकाले बढी ३.०३ मेट्रिक टन रु ९५०००।०० को दरले हुने रु २८७८५० सोको मू.अ. कर रु ३७४२० समेत रु ३२५२७०।५० बढी भुक्तानी निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२५,२७० |

४८ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष जिल्ला समन्वय समितिको गाडी कार्यालय प्रयोजनमा प्रयोग गरेकोमा उक्त गाडीको मर्मतमा मात्र भौ नं. ३ र २५५ बाट भुक्तानी भई रु.१२,०१,१९६ खर्च गरेको छ । उक्त गाडी भाडामा लिएको खुल्ने सम्झौता पेश नभएकोले मर्मत संभारको जिम्मेवारी सम्बन्धमा एकिन हुन सकिएन् । साथै सवारी मर्मतमा यस वर्ष गत वर्षको तुलनामा उल्लेख्य वृद्धि हुनाको कारण समेत जिल्ला समन्वय समितिको गाडी भाडामा लिई संचालन गर्दा भएको देखिन्छ । तसर्थ गाडी भाडामा लिँदा मितव्ययी हुने गरी लिनुपर्दछ ।

| गो.भौ.नं/मिति | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ३।२०८०।०६।०४ | सवारी साधन मर्मत | अटो भिलेज प्रा.लि | ८५९६२० |
| १३६।२०८०।०७।०१ | सवारी साधन मर्मत | अटो भिलेज प्रा.लि | ४४९०९० |
| १६६।२०८०।०७।०२ | सवारी साधन मर्मत | लक्ष्मी मोटो केयर | ३३११६३ |
| २५५।२०८०।०९।२३ | सवारी साधन मर्मत | लक्ष्मी मोटो केयर | ३४१५७६ |
| ६४९।२०८१।०३।०६ | सवारी साधन मर्मत | लक्ष्मी मोटो केयर | १९७६९८ |
| जम्मा | | | २१,७९,१४७ |

४९ **अवलोकन भ्रमण**

वार्षिक योजना तथा कार्यक्रममै बजेट समावेश गरी गाउँपालिका र वडा कार्यालयका पदाधिकारी, कर्मचारीहरु विभिन्न धार्मिक तथा पर्यटकीय स्थलमा भ्रमण गरी खर्च लेखेको पाइयो । कार्यालयको कार्यसम्पादन संग सम्बधित अवलोकन भ्रमणमा देखिएकोले यसरी स्वीकृत बजेटमा नै समावेश गरी खर्च गर्नु उपयुक्त देखिएन । कार्यालयको कार्य सम्पादन र सेवा प्रवाहमा सकारात्मक परिवर्तन हुने विषय तथा कार्यक्रम छनौट गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| २७२-०८०।०९।२० | पदाधिकारी | १७३१७१ |
| ६७४ र ८३८-०८१।०३।११ र २१ | पदाधिकारी | ५९५२५५ |
| ३९३-०८०।१२।०१ | एकल महिला | ३३५६०० |
| ४४४-०८०।१२।२१ | महिला समुह | १८०००० |
| ४७४-०८१।०१।०७ | महिला समन्वय समुह | १२५००० |
| **जम्मा** | | १४,०९,०२६ |

५० **विद्युत महशुल अनुदान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा गरिएको परीक्षणमा विभिन्न भौचर र मितिबाट गाँउकार्यपालिकाको निर्णय र सभाको स्विकृति बमोजिम पालिकाभित्र रहेका विभिन्न खानेपानी लिफ्टिङ्ग उपभोक्ता समितिहरुलाई विद्युत महशुलमा ६० प्रतिशत अनुदान दिई रु २५,००,००० खर्च लेखेको पाईयो । उक्त समितिहरुले लाभग्राहीसँग खानेपानीको महशुल समेत लिने गरेकोमा समितिले लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने र पालिकाले दिएको अनुदानबाट नागरिकले प्राप्त गरेको सुविधा समेतलाई विश्लेषण गरी कार्यविधि बनाई खर्च लेख्नुपर्नेमा सो वेगर निर्णयको आधारमा मात्र खर्च लेख्नु नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

५१ **स्टिलको बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा यथार्थ नापीका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। प्रशासकीय भवन निर्माण गर्दा सम्झौतामा उल्लेख भएको देहायको आकारको फलामे डन्डीमा देहाय बमोजिम यथार्थ नापी गर्नुपर्नेमा बढी दरले प्राविधिक नाप गरी देहाय बमोजिम भुक्तानी गरेको छ । पालिकाले डन्डीको आयातन नेपाल स्टयान्डर डेन्सिटी बेसमा गणना गर्नुपर्नेमा सो नगरेकोलेपरिमाण फरक परेको छ। पालिकाले यथार्थ नापी गरी भुक्तानी दिनुपर्दछ ।

| स्टीलको आकार | लम्बाई मिटर | नापी गरेको | गर्नुपर्ने | बढी दर | बढी परिमाण |
|---|---|---|---|---|---|
| १६ एमएम स्टिल | ४८६४६.०७९ | १.५८ | १.५७ | ०.०१ | ४८६.२६ |
| २० एमएम स्टिल | ३०८२.५६ | २.४७ | २.४६ | ०.०१ | ३०.८२ |
| २५ एमएम स्टिल | २७०३.६८ | २.८५ | २.८६ | ०.०१ | २७.०३ |
| १० एमएम स्टिल | ४५०६.४१ | ०.६२ | ०.६१ | ०.०१ | ४५.०६ |
| १६ एमएम स्टिल | नापी भन्दा बढी | | | | १०८०.८९ |
| **जम्मा** | | | | | **१६७०.१६** |

माथिको तालिका बमोजिम स्टिल प्रति के जी ९५ को दरले १६७०.१६ के जी को १५८६६० र सोको मू अ कर रु २०६२७ समेत रु १७९२९३ बढी भुक्तानी व्यवसायिबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७९,२९३ |

५२ **पूँजीगत खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु.१२,१३,५८,३७४ खर्च गरेकोमा रु.४,०९,१७,६८६ अर्थात् ३३.७१ प्रतिशत मात्र

बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु.१,८०,१८,७६४ र उपभोक्ता समितिबाट रु.६,२४,२१,९२४ को खरिद गरेको छ। सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

५३ **वडा कार्यालयको बृहत प्रोफाईल निर्माण वडा नं.४**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। वडा कार्यालयको बृहत प्रोफाईल निर्माण गर्नुपर्नाको आवश्यकता पहिचान नगरी वडागत रुपमा बजेट राखी तपसिल बमोजिम परामर्श खरिद गर्नु मितव्ययी र प्रभावकारी देखिएन्। पालिका बृहत प्रोफाईल बनिसकेको अवस्थामा छुट्टै वडा कार्यालय प्रोफाईल बनाउनु नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | गो भौ नं | योजना तथा कार्यक्रम | परामर्श दाता | भुक्तानी रु |
|---|---|---|---|---|
| १ | ७४५-२०८१।०३।१७ | वडा कार्यालयको बृहत प्रोफाईल निर्माण | पाल्पा मिडिया प्रा.लि. | ७५,००० |
| | | | अनियमित भएको | ७५,००० |

५४ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा पालिकामा कार्यरत जनशक्ती भन्दा वढी दक्षता आवश्यक पर्ने तथा उक्त जनशक्ती वाट कार्य सम्पन्न गर्न नसक्ने स्पष्ट निर्णय वेगर अन्य निकाय वाट कार्य गराउनु नियमसम्मत देखिदैन ।

| क्र.सं. | गो भौ नं | योजना तथा कार्यक्रम | परामर्श दाता | भुक्तानी रु |
|---|---|---|---|---|
| १ | २०२-२०८०।०८।१५ | तानसेन चुवारे खोला र तिनाउ खोलाको अध्ययन | संजिवनी ईन्जिनियर्स | १,९३,४५६ |
| २ | ८८४-२०८१।०३।२३ | सडक गुरुयोजना निर्माण | इगल्स सोलुशन प्रा.लि. | ७,८३,०९० |
| ३ | ८४१-२०८१।०३।२१ | सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टी र पालिकाको विकास प्रयास फिचर निर्माण | पाल्पा विकास केन्द्र | ४,९७,५३९ |

५५ **सम्भाव्यता अध्ययन/डि.पि.आर**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(ख) मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष भवन तथा सडक निर्माणको डिपिआर कार्यमा रु.२३ लाख ५१ हजार खर्च गरेकोमा यस वर्ष सम्भाव्यता/डिपिआर कार्य गरेको छैन । गत वर्षको अध्ययन मध्ये वडा न ५ कार्यालय भवन निर्माणमा बजेट विनियोजन नभएकोले हालसम्म पनि कार्यान्वयनमा गएको छैन । ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

५६ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर गर्नुपर्दछ । पालिकाले विभिन्न २ सफ्टवेयरहरुमा गत वर्षसम्म रु.६,८३,६५० भुक्तानी गरेकोमा यो वर्ष थप १ योजना सिफारिश सम्बन्धि सफ्टवेयर खरिद गरी रु.४,९४,९४० सहित रु.११,७८,५९० भुक्तानी गरेको छ। ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा गत वर्ष सम्म रु.९९,४४० खर्च गरेकोमा यो वर्ष रु. ९९,४४० समेत हाल सम्म सफ्टवेयर खरिद र बार्षिक मर्मत सुधारमा रु.१३,७७,४७० खर्च गरेको देखियो।

सफ्टवेयर खरिदको आवश्यक्ता, यसको लागत अनुमान, त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

५७ **पालिकास्तरीय सडक मर्मत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१४) बमोजिम उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने गरी गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ९ वटै वडामा पहिरो सफा गर्ने कार्यको लागि एक निर्माण व्यवसायीबाट प्रति महिना रु.३,१९,००० मा डोजर भाडामा लिई ९ वटै वडाको पहिरो सफा गर्ने कार्य श्रावण र भाद्रको ६० दिन गर्ने गरी सम्झौता गरी रु.६३८००० खर्च गरेको पाईयो । संलग्न प्राविधिक बिल अनुसार उक्त अवधिमा ९ वटै वडाको जम्मा २१४२१ घमी पहिरो सफा गरेको मूल्यांकन पेश भएको छ । जसको आधारमा प्रति घमी पहिरो पन्छाउने कार्यमा रु.२९.७८ लागत परेको देखिन्छ । साथै पालिकाबाट डेन्जिङ्ग रायमाझीको अध्यक्षतामा गठित पालिकास्तरीय सडक मर्मत उपभोक्ता समितिसँग पुन: ९ वडाको पहिरो पन्छाउन तथा ग्रेडिङ्ग मिलाउनेको लागि सम्झौता गरी कार्तिक र मंसिर महिनामा कार्य सम्पादन गरेको पाईयो । पालिकाले डोजर भाडामा लिई पहिरो पन्छाउने कार्य गरेको भन्दा उपभोक्ता समिति मार्फत सोही कार्य गराएको तपसिल बमोजिम रु.४,३५,१६५ बढी व्ययभार परेकोले मितव्ययी विधीबाट सार्वजनिक खरिद गर्नुपर्दछ ।

| सार्वजनिक खरिद विधि | सफा गरेको पहिरोको परिमाण | दर |
|---|---|---|
| डोजर भाडा | २१४२१ घमी | २९.७८ |
| उपभोक्ता समिति | २५१२५.०५ घमी | ४७.१० |
| **फरक दर** | | **१७.३२** |
| **बढी व्ययभार** | | **४,३५,१६५** |

५८ **उपभोक्ता समितिमार्फत कार्य सम्पादन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २७१ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.६,२४,२१,९२४ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

५९ **खोरबारी वस्ती विकास योजना**

५९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम खरिद सम्झौता बमोजिम सार्वजनिक निकायले रनिङ् बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । उल्लिखित योजना अन्तर्गत गो.भौ.नं- १०१।२०८०।११।१० बाट बाटो ढलान कार्य गर्दा ढुंगा सोलिङको दर विश्लेषणमा ढुंगा खरिदको दर प्रति घनमिटर रु.२४५० राखी भुक्तानी भएकोमा योजना फाईलमा संलग्न योजनाको फोटो बमोजिम सोलिङ्गमा प्रयोग भएको ढुंगा आयोजना स्थलमै रहेको ढुंगा प्रयोग गरेको पाईएकोले यस अवस्थामा ढुंगा संकलनको दर प्रतिघमी रु.१९७९ बमोजिम दररेट कायम गर्नुपर्नेमा खरिदको दरका आधारमा भुक्तानी हुँदा ४६.६८ घमी ढुंगाको बढी भुक्तानी भएको प्रतिघमी रु.४७१ का दरले रु.२१,९८६ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,९८६ |

५९.२ बगनासकाली गाँउपालिका आर्थिक ऐन २०८१ को अनुसुची बमोजिम ढुंगा, गिटी, बालुवा बिक्री कर प्रति क्युफिट रु. ६ का दरले असुल गर्ने व्यवस्था रहेको पाईयो । पालिकाले स्थानीय प्राकृतिक स्रोतको बिक्रीमा सोही बमोजिम असुल गरेको पाईयो । नियमानुसार बिजक संलग्न नगर्ने उपभोक्ता समितिबाट समेत कार्यमा प्रयोग भएको आधारमा यस्तो कर उठाउने गरेको पाईयो । तर यस खोरबारी वस्ती विकास योजनाले ढुंगा खरिदको बिजक संलग्न नगरेकोमा पालिकाको आर्थिक ऐन बमोजिम उक्त कर असुल गरेको नपाएकोले ४६.६८ घमी ढुंगा प्रयोगमा प्रति घनफिट ६.७८ का दरले हुने रु.१२,६६० कर सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,६६० |

## ६० **दर विश्लेषण**

सडक तथा पुल निर्माण नर्म्स २०७५ ले लागत अनुमान तयार गर्दा म्यान पावर र मेटेलियल ईन्पुट नर्म्सबाट लिने तथा स्थानीय निर्माण सामाग्रीहरुको दर कलेक्सन र जिल्ला दररेट बीच तुलना गरी मितव्ययी हुने गरी गुणस्तरमा फरक नपर्ने गरी जुन दर प्रयोग गर्दा श्रोतमाथिको व्यायभार कम हुन्छ सोही दर लिई विश्लेषण गर्न सक्ने गरी कलेक्सनको नर्म्स पनि व्यवस्था गरेको छ । पालिकाले यस वर्ष संचालन गरेको केही योजनामा स्थानीय कलेक्सन दर प्रयोग गरि सोही आधारमा दरविश्लेषण गरी भुक्तानी दिएकोमा निम्नानुसार योजनामा जिल्ला दर अनुसार खरिद गर्ने गरी लागत अनुमान तयार तथा भुक्तानी गरेको छ । स्थानीय सामाग्री कलेक्सन गर्दा ढुंगा, गिटी तथा बालुवा प्रतिघनमिटर रु.१७०० सम्म पर्नेमा पालिकाले जिल्ला दररेट अनुसार रु.२४५०, ३३०० र ३४०० प्रयोग गरेको छ । नमुना छनौटमा परेका मध्ये पालिकाले देहाय अनुसार योजनामा क्रसरको गिट्टी वालुवा प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले खोला निर्माण सामाग्री (मिस्कट) प्रयोग गरी पालिकामा रोयल्टी तिरेको देखिन्छ । खोलाको तथा पालिका भित्रको स्थानीय निर्माण सामाग्री प्रयोग गरी पालिकामा रोयल्टी तिरेको देखिन्छ ।जसबाट निर्माण सामाग्री क्रसरबाट खरिद गरेको दरमा भुक्तानी दिन मिल्ने देखिएन । तसर्थ कलेक्सन, रोयल्टी तथा ढुवानी समेत गरि रु.१७०० को दर राखि दर विश्लेषण नगरी जिल्लाको क्रसरको दर राखी विश्लेषण गर्दा देहायअनुसार प्रतिघनमिटर रु.२१६० का दरले बढी भुक्तानी भएको छ । तसर्थ पालिकाले श्रोत माथि व्ययभार कम पर्ने गरी दर विश्लेषण गर्नुपर्दछ ।

| गोभौ | मिति | योजना/उपभोक्तासमिति | गिट्टी, वालुवाको परिमाण | बढी दर | रकम |
|---|---|---|---|---|---|
| ३१९ | २०८१।०३।१९ | फुक्टुङ बरमुनी बाटुलीचौर मोटरबाटो निर्माण उपभोक्ता समिति | १२.८४ | २१६० | २७७३४ |
| ८ | २०८०।११।१८ | वडा कार्यालय देखि स्वास्थ्य चौकी मोटरबाटो निर्माण वडा नं ७ | ६१.१३ | २१६० | १३२०४१ |
| | | | | | १५९७७५ |

## ६१ **ननफाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम करदाताले तोकिएको अवधिमा मूल्य अभिवृद्धिकर विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले तपसिल बमोजिमको योजनामा मूल्य अभिवृद्धिकर भुक्तानी गरेकोमा उक्त करदाता आन्तरिक राजस्व विभागको अनलाईन पोर्टलबाट ननफाईलर देखिएकोले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| योजनाको नाम | आपूर्तिकर्ता | गो.भौ.नं. र मिति | भुक्तानी भएको मूल्य अभिवृद्धिकर | कैफियत |
|---|---|---|---|---|
| बृहद राष्ट्रिय झण्डा निर्माण | नेत्र एण्ड सन्स कन्स्ट्रक्सन (६०६९२२७६४) | ३५५-२०८१।०३।२४ | ८६,०१८ | २०८० पहिलो त्रैमासिक |
| **जम्मा** | | | ८६,०१८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८६,०१८ |

६२ **ठेक्का विश्लेषण**

सार्वजनिक खरिद ऐन २०६४ तथा नियमावली २०६५ बमोजिम सार्वजनिक खरिद कार्य गर्दा प्रतिस्पर्धा हुने गरी प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष मोटरबाटो पिच तथा स्तरोन्नतिको लागि तपशिल बमोजिमका २ आयोजना बाहेकका आयोजनामा एकल बोलपत्रदाताबाट प्राप्त प्रस्ताव स्विकार गरी निर्माण कार्य गर्दा प्रतिस्पर्धी र मितव्ययी नभएको पाईयो । सार्वजनिक खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ ।

रकम रू.हजारमा

| ठेक्का नं | लागत अनुमान | सम्झौता रकम | घटी कबोल प्रतिशत | निर्माण व्यवसायी | कैफियत |
|---|---|---|---|---|---|
| BRM/PLP/W/NCB/ROAD/01-080/81 | ९९९९ | ७४६८ | २६.१९ | उनालोम ईन्जिनियरिङ्ग | बहु बोलपत्रदाता |
| BRM/PLP/W/NCB/ROAD/03-080/81 | ११९९९ | ८५४६ | २९ | उनालोम ईन्जिनियरिङ्ग | बहु बोलपत्रदाता |
| BRM/PLP/W/NCB/ROAD/05-080/81 | ४९९७ | ४९२१ | २.६९ | सन्त कन्स्ट्रक्सन | एकल बोलपत्र |
| BRM/PLP/W/NCB/ROAD/04-080/81 | ४९९४ | ४८७८ | ३.५१ | टि ए कन्स्ट्रक्सन | एकल बोलपत्र |
| BRM/PLP/W/NCB/ROAD/06-080/81 | ४९९५ | ४९१३ | ३.२२ | सन्त कन्स्ट्रक्सन | एकल बोलपत्र |
| BRM/PLP/W/NCB/ROAD/08-080/81 | २२९८ | २१४८ | ४.८६ | मिराकल विल्डर्स | एकल बोलपत्र |

६३ **एउटै आपूर्तिकर्ताबाट सिमा भन्दा बढीको सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी उल्लेखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नमिल्ने व्यवस्था रहेको छ । पालिकाले तपसिल बमोजिमको भौचरबाट पाईप खरिद गरेकोमा एउटै आपूर्तिकर्ताबाट सीमाभन्दा बढीको सोझै खरिद गरेकोले नियमित नदेखिएको रु.

| गो.भौ.न र मिति | आपूर्तिकर्ताको नाम | खरिद विवरण | रकम रु. |
|---|---|---|---|
| २१८-२०८१।०१।१४ | ओम पञ्चपूरी ईण्डष्ट्रिज प्रा.लि.(६०२४०५४१६) | पाईप | ९,९५,८८५ |
| २१९-२०८१।०१।१४ | ओम पञ्चपूरी ईण्डष्ट्रिज प्रा.लि.(६०२४०५४१६) | पाईप | ४९,९३४ |
| २९४-२०८१।०३।६ | ओम पञ्चपूरी ईण्डष्ट्रिज प्रा.लि.(६०२४०५४१६) | पाईप | १,४९,७६१ |
| **जम्मा** | | | ११,९५,५८० |

| अनियमित भएको | ११,९५,५८० |
|---|---|

६४ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले- BRM/PLP/W/NCB/ROAD/01-080/81 बमोजिमको ठेक्कामा रु.७४,६८,३६०.९४ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।०८।१० मा सम्झौता भएकोमा प्राविधिक बिजक बमोजिम सोही बराबरको कार्य गरेको बिल पेश भएकोमा पालिकाबाट गो.भौ.नं.२५०-२०८१।०१।१८ बाट रु.४३,९२,८७८ र ३०७-२०८१।०३।१७ बाट रु.३१,०३,५२५ गरी जम्मा रु.७४,९६,४०३ भुक्तानी भएकोले सम्झौता र कार्यसम्पन्न भन्दा बढी भुक्तानी भएको रु.२८,२५० सम्बन्धित निर्माण व्यवसायी उनालोम ईन्जिनियरिङ्ग कन्सल्ट्रेन्सीबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २८,२५० |
|---|---|

६५ **पहिरो सफा गर्ने कार्य**

पालिकाले ९ वटै वडामा पहिरो सफा गर्ने कार्यको लागि एक निर्माण व्यवसायीबाट प्रति महिना रु.३,१९,००० मा डोजर भाडामा लिई ९ वटै वडाको पहिरो सफा गर्ने कार्य श्रावण र भाद्रको ६० दिन गर्ने गरी सम्झौता गरी रु.६३८००० खर्च गरेको पाईयो । साथै

पालिकाबाट डेन्जिङ्ग रायमाझीको अध्यक्षतामा गठित पालिकास्तरीय सडक मर्मत उपभोक्ता समितिसँग पुन: ९ वडाको पहिरो पन्छाउन तथा ग्रेडिङ्ग मिलाउनेको लागि रु.२७,५०,४३० मा सम्झौता गरी कार्तिक र मंसिर महिनामा कार्य सम्पादन गरेको पाईयो । पालिकाले एकै वर्षमा श्रावण र भाद्र तथा कार्तिक र मंसिरमा ९ वटै वडाका सडकको पहिरो पन्छाउने कार्य गरेकोमा पछिल्लो कार्य सम्पादनमा श्रावण र भाद्र महिनामा सडकको पहिरो पन्छाएको काम दोहोरो नपरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,३८,००० |

## ६६ ठेकाको पूर्वतयारी बिना पेश्की

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३)मा निर्माण स्थल, वातावरणीय प्रभावको अध्ययन विद्युत पोल र बजेट सुनिश्चितता नभई ठेक्का गर्न नहुने व्यवस्था छ। पालिकाको १५ शैयाको अस्पताल बुद्ध पशुपति जुगल जेभी बाट ३ बर्षमा सम्पन्न गर्नेगरी आ.व. २०७८।७९ र ०७९।८० मा दिएको रु. २९०,००,००० बराबरको पेश्की दिएकोमा सो बराबर भएको कामको मूल्याङ्कन र कार्यप्रगति समेत पेश नभएकाले भवन निर्माण अधुरो छ। निर्माण व्यवसायीबाट कामशुरु देखि हालसम्मको दैनिक कार्यप्रगति लिएर अनुगमन गरी ढिलाईको कारण, प्रभाव र पहल गरेको आवश्यक प्रमाण सहितको औचित्यता पेश गर्नुपर्ने आधुरो भवनको व्यवसायिक योजना बिनाको भवन तोकिएको समयमा सम्पन्न हुने देखिएन। भवन समयमा पुरा गरी सेवा सञ्चालनमा ढिलाइ भएको छ।

## ६७ म्याद ननाघेको पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई देहाय अनुसार पेश्की बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| क्र.स | आ.व | पेश्कीलिनेको नाम | कार्य | पेश्की | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७५।०७६ | कालीगण्डकी बृहत लिफ्टिङ्ग उ स | लिफ्टिङ्गखानेपानी निमार्ण | २५००००० | गत वर्षको |
| ३ | २०७९।८० | श्री बुद्ध पशुपती जुगल जे भि | १५ शैया अस्पताल निर्माण | १४५००००० | म्याद बाँकी |
| ४ | २०७८।७९ | श्री बुद्ध पशुपती जुगलजे भि | १५ शैया अस्पताल निर्माण | १४५००००० | म्याद बाँकी |
| | जम्मा | | | ३,१५,००,००० | |

## ६८ म्याद नाघेको पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले घरेलु मदिरा व्यवस्थापनको लागि टप नेपाल ईन्टरनेशनल प्रा.लि.लाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई रु.१,६०,००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १,६०,००० फछ्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १,६०,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बगनासकाली गाउँपालिका, पाल्पा , बगनासकाली गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Badri Nath Lamsal | २०८०-२-१ | २०८१-४-१ |
| कार्यालय प्रमुख | खेमराज छिनाल | २०८१-४-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कोशल राज पौडेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७४३,५४१ | १२,२७३,८२४ | ७२४,०१८ | ० | ० | १६०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १३,९०१,३८३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ४१,३३२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १३,८६०,०५१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५६१६७५१९.८१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२१९०७५२८.८ | चालु खर्च | ३३५९२९६१३.५७ |
| प्रदेश सरकारबाट अनुदान | २२२०७५९९ | पूँजीगत खर्च | १२१३५८३७४ |
| राजश्व बाँडफाँट | ७४६८४२९०.४३ | वित्तीय/अन्य व्यवस्था | १३८११६३२८.६ |
| आन्तरिक आय | १९९२३५१२.९७ | | |
| अन्य आय | १४३८१७२५४.५६ | | |
| कुल आय | ५८२५४०१८५.७६ | कुल खर्च | ५९५४०४३१६.१७ |
| बाँकी मौज्दात | | ४३३०३३८९.४ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण बेहोरा कार्यान्वियन नगरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।